# जिल्ला भूमिअधिकार मञ्च सिरहाको पाँचौं जिल्ला सम्मेलन सम्पन्न

राष्ट्रिय भूमिअधिकार मञ्च, सिरहाको पाँचौं जिल्ला सम्मेलनको उद्घाटन कार्यक्रम भदौ ५ र ६ गते सिरहाको गोलबजारमा सम्पन्न भएको छ । सम्मेलनको उद्घाटन प्रमुख अतिथि तथा भूमि अधिकार मञ्चका केन्द्रीय अध्यक्ष ल्यामवहादुर दर्जिले पाँच वटा मैनबत्ती प्रज्वलन गरी गर्नुभएको थियो ।



उद्घाटन मन्तव्यको क्रममा अध्यक्ष ल्यामबहादुर दर्जिले सत्ताको बलमा भूमिको असमान वितरणका कारण आज समस्या भएको बताउनु भयो । मञ्चको पाँचौं सिरहा जिल्ला सम्मेलनको उद्घाटन गर्दै अध्यक्ष दर्जिले भूमि प्राकृतिक स्रोत हो । कसैको निजी सम्पति होइन । प्राकृतिक स्रोतमाथि हिजोका राजा रजौटाहरुले आफ्ना आफन्तहरुलाई जागिर, बक्सिको नाममा अन्ययपूर्ण वितरण गरेकाले आज लाखौं परिवार भूमिहिन हुनु परेको प्रमुख अतिथि दर्जिले बताउनु भयो ।

नयाँ संविधानले भूमिहिनको ७० प्रतिशत समस्याको सम्वोधन गरेको छ । तर, ऐन, कानुन, नीति बनाउने ठाउँमा जमिन्दारहरुकै हालीमुहाली भएकाले त्यसको कार्यान्वयन सजिलै हुनेमा आशंका रहेको अध्यक्ष दर्जिले बताउनु भयो । संविधान कार्यान्वयन गराउनकोलागी राष्ट्रिय भूमिअधिकार मञ्चले निरन्तर खवदारी जारी राख्नुपर्ने सुझाउनु भयो ।



खवदारीको लागि अव सिंह दरवार, वानेश्वर मात्र हैन, सानेपा, धुमवाराही, पेरिसडाडा, बालकुमारी, बद्धनगरसम्म पुग्न भूमिहहिन सुकुम्वासी तयार रहनु पर्ने दर्जिको भनार्य रहेको थियो । सोही क्रममा उहाँले, 'भूमिहिन सुकुम्वासीको समस्या सम्वोधन गराउन स्थानीय निकायमा पहुँच हुनु पर्ने भन्दै अवको दिनमा स्थानीय निर्वाचनमा हाम्रो पहुँच र नेतृत्व कायम गर्नु पर्छ, त्यसकोलागि पनि हामी सचेत रहनु पर्छ ।'

उद्घाटन मन्तव्यकै क्रममा मञ्चका महासचिव सरस्वती सुव्वाले भूमिहिन सुकुम्वासीको समस्याप्रति राज्य गैर जिम्मेवार बनेको प्रति दुःख व्यक्त गर्नुभयो । उहाँले राज्य यो समस्यालाई समयमै सम्वोधन गर्न नसके यसले विकराल रुप लिन सक्ने बताउनु भयो ।

उहाँले ०७१ सालको सुकुम्वासी आयोगमा ८ लाख ६१ हजार नीन सय १७ निवेदन परेका थिए तर त्यो निवेदन सर्वोचको आदेशमा अहिलेसम्म रोकेर राखेको छ । यसरी सुकुम्वासीमाथि सवैतिरबाट घेराबन्दी भईरहेको उहाँले बताउनुभयो ।

सरकारले हलिया परिचयपत्र वितरणको लागि १० करोड रकम छुट्याएको भएपनि त्यसको काम अझै सुरु हुन नसकेको प्रति दुःख व्यक्त गरे । यसले पनि राज्य भूमिहिन सुकुम्वासीप्रति कति उदासीन छ भन्ने देखाउँछ, उहाँले भन्नुभयो ।

कार्यक्रममा इलाका प्रशासन कार्यालय, लहानका प्रमख तुलसीराम पौडेलले यो संस्थाले निरन्तर रुपमा भूमिहिनको पक्षमा आवाज उठाएर सुकुम्वासीको घाउनमा मलहम पट्टी गरेको बताउनु भयो । उहाँले कानुनले दिए अनुसार सुकुम्वासीहरुमाथि हुने उठिवासको घटनाहरुलाई व्यवस्थपन गर्न आफ्नौ सधै सहयोग रहने बताउनु भयो ।

कार्यक्रममा एकृत नेकपा माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य हरिनारायण चौधरीले हामि जहिलेपनि उत्पिडीत वर्गको पक्षमा छौं । भूमिहिन सुकुम्वासीलाई राज्यले अझैसम्म सम्वोधन गर्न नसकको बताउनु भयो । उत्पीडित समूदाय नै नेतृत्वमा पुग्न सकेमात्र भूमिहिनको समस्या समाधान हुने चौधरीले बताउनु भयो ।



नेकपा (क्रान्तिकारी माओवादी) का दिपेश लामाले सामन्तहरुले वर्षौंदेखि गरिव किसानहरुलाई दवाएर राखेको छ, यसबाट भुक्ति पाउन सत्तामा उनीहरुको पहुँज जरुरी रहेको बताउनु भयो ।

नयाँ शक्ति नेपालका जिवछ यादवले भूमिहिन सुकुम्वासीहरुको समस्या समाधान चानचुन आन्दोलनबाट सम्भव नभएको भन्दै त्यसकोलागि कठोर संघर्षमा जानुपर्ने बताउनु भयो । त्यसकोलागि आफ्नो पार्टी जस्तोसुकै सहयोग गर्न तयार रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मधेसी जनअधिकार फोरम नेपालका वेचन महतोले राज्यले सुकुम्वासीको समस्या समाधान गर्न नसकेको प्रति दुख व्यक्त गर्दै उनीहरुको उचित व्यवस्थापन गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ सिरहाका अध्यक्ष गोविन्दराज विष्टले भूमिको असमान वितरणकै कारण आजको यो समस्या आएको हो । प्राकृतिक स्रोतमाथिको वितरण प्रकृयानै गलत रहेको भन्दै भूमि जस्ले जोत्छ, उनीहरुकै स्वामित्वमा रहने व्यवस्था राज्यले गर्नु पर्ने विष्टको भनाई थियो ।

दलित जनकल्याण युवा क्लव, लहानका कार्यकारी निर्देशक विनोद कुमार विसुन्केले भूमिहिनको समस्यालाई मानवअधिकारको विषयसँग जोडिएको बताउनु भयो । उहाँले कुनै पनि जीव भूमिविना बाँच्न सक्दैन । जो भूमिसँगै आस्रित छ, उनीहरुको भूमिमा स्वामित्व हुनु पर्ने विशुन्केको भनाई रहेको छ । सिरहामा रहेको दलितहरुको ८० प्रतिशत दलितहरु भूमिहिन छन् । उनीहरु सवै कृषि मजदुर नै छन् । तर, उनीहरुको छाप्रो ठड्याउने जमिन सम्म छैन । कम्तिमा सुकुम्वासीको वाससस्ने ठाउँसमेत स्वामित्वमा पाउनु पर्ने विशुन्केले बताउनु भयो । त्यसकोलागि राज्यले तुरुन्त पहल गर्नु पर्ने बताए ।

राष्ट्रिय कृषि समूह महासंघ, नेपालका सिरहा जिल्ला अध्यक्ष मुक्तिनारायण यादवले राज्यको कुल बजेटमा ३५ प्रतिशत योगदान गर्ने किसानहरुलाई राज्यले वेवास्ता गरेको बताउनु भयो । उहाँले राज्यले नै कृषिलाई वेवास्ता गरेको भन्दै कृषिलाई व्यवसायीक बनाउन राज्यले योगदान गर्नुपर्नेमा जोड दिनुभयो । त्यसको साथै भूमि जात्नेहरुको स्वामित्वमा रहेमात्र यसले उत्पादनबढाउने पनि उहाँले बताउनु भयो ।

उद्घाटन कार्यक्रममा इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख, स्थानीय बुद्धिजीविहरुको उपस्थिति रहेको थियो ।

**भूमि पिडीतको तर्फबाट :**

दुखि सदा, गोविन्दपुरले विगत १२ वर्षदेखि भूमि आन्दोलनमा लागेर भूमिहिन सुकुम्वासीको माग उठाउँदै आएको बताउनु भयो । उहाँले २०६३ सालदेखि आन्दोलन गरीरहेकोभएपनि राज्यले हाम्रो समस्यालाई वेवास्ता गरेको दुखेसो पोख्नु भयो । उहाँले यस विचमा सरकारले पटक पटक सुकुम्वासी आयोग गठन गरेर फारम दर्ता गरेको भएपनि त्यसलाई विभिन्न बाहानामा रोकेर हामीलाई दुःखदिने काम गरेको बताउनु भयो ।

**सम्मान कार्यक्रम**

सोही क्रममा भूमि अधिकार आन्दोलनलाई निरन्तर रुपमा सहयोग गर्दै आउनु भएका भूमि पीडित तथा सप्तरी मञ्चका पूर्व अध्यक्ष दुःखि राम, भूमि अधिकारको पक्षमा निरन्तर वकालत गरिहनु हुने दलित अधिकारर्मी विनोद कुमार विशुन्के, सिरहा मञ्चका पूर्व अध्यक्ष रिक्मा विश्वकर्मालई मञ्चका केन्द्रीय अध्यक्ष ल्यामबहादुर दर्जि र इलाका प्रशासन कार्यालय, लहानका प्रमुख तुलसीराम पौडेलले संयुक्त रुपमा दोसल्ला ओढाएर सम्मान गर्नु भएको थियो ।

यो सम्मानले आफूहरुलाई आन्दोलनमा निरन्त लाग्ने थप उर्जा प्रदान गर्नुको साथै जिम्मेवार बनाएको सम्मानीतहरुले भयो ।

मञ्चका निवर्तमान जिल्ला अध्यक्ष समस्तीलाल आलेको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रमको संचालन केन्द्रीय सदस्य अरुण सदायले गर्नुभएको थियो भने स्वागत् जिल्ला सदस्य चन्द्रवहादुर मोक्तानले गर्नुभएको थियो । कार्यक्रमको विच विचमा विभिन्न भूमि अधिकार सम्वध्नि गीत तथा नृत्य प्रस्तत भएको थियो ।

उद्‌घाटन कार्यक्रम अघि विभिन्न नाराहरु लेखिएको प्लेकार्ड, व्यानर, झण्डा बोकेका ५ सय भन्दा बढीको संख्यामा रहेको भूमिहिनहरुले गोलबाजार परिक्रमा गरेका थिए । सो क्रममा रिक्सा, साइकलको पनि छुट्टै जुलुस रहेको थियो ।

**भूमिहिनको जिल्ला अध्यक्षमा मोक्तान निर्वाचित**

राष्ट्रिय भूमिअधिकार मञ्च सिरहाको पाँचै जिल्ला सम्मेलनले चन्द्रवहादुर मोक्तानको अध्यक्षतामा १३ सदस्यि जिल्ला समिति चयन गरेको छ । समितिको उपाध्यक्ष श्यामो देवी दास, सचिव जय प्रकाश राम, कोषाध्यक्ष आशादेवी साह र सह सचिवमा शिवलाल पासमान सर्वसम्मतल चैन हुनुभएको छ ।

त्यसैगरी सदस्यहरुमा भोगेन्द्र पासमान, सुवन सदा, प्रमोद सदा, अनुरागी कामैत, शान्ति सदा, हेमवहादुर थापा, लिलामाया  सुसलिङ र समस्तिलाल आले रहनु भएको छ ।

सल्लाहार समिति

पूर्व अध्यक्ष रिक्मा विश्वकर्माको संयोजकत्वमा ३ सदस्यीय जिल्ला सल्लाहाकार समिति गठन गरेको छ । जसको सदस्यहरुमा आश्मा शास्त्री र श्यामवत्ती राम रहेका छन् ।

जिल्ला सम्मेलनको बन्दशत्रकोलागि ८६ जना प्रतिनिधी पर्यवेक्षकहरु रहेका थिए ।

**सम्मेलनको लागि सहयोग संकलन**

राष्ट्रिय भूमिअधिकार मञ्च, सिरहाको पाँचौ जिल्ला सम्मेलनको लागि गाउँ भूमि अधिकार मञ्चबाट निम्नानुसारको सहयोग संकलन भएको छ।

| | |
|---|---|
| १. नमुना गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ५ बाट | १२००।- |
| २. रिता गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ४ बाट | १०००।- |
| ३. मोती गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ८ बाट | ४५०।- |
| ४. डिहवार गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ८ बाट | ५००।- |
| ५. जयकाली गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ४ बाट | ७००।- |
| ६. जमुना गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ३ बाट | ४००।- |
| ७. जानकी गाउँ भू.अ.म., गोविन्दपुर वार्ड नं ९ बाट | ३० केजी चामल |
| ८. सरस्वती गाउँ भू.अ.म., लहान नपा १३ बाट | ४५०।- |
| ९. राजाजी गाउँ भू.अ.म., लहान नपा १३ बाट | १०००।- |
| १०. पारवती गाउँ भू.अ.म., लहान नपा १८ बाट | ४५०।- |
| ११. जागरुप गाउँ भू.अ.म., लहान नपा १८ बाट | ५५०।- |
| १२. दलित उत्थान गाउँ भू.अ.म., लहान नपा २२ बाट | १० केजी चामल |
| १३. दिनाभद्री गाउँ भू.अ.म., लहान नपा २२ बाट | ५००।- |
| १४. गैरीटोल गाउँ भू.अ.म., गोलबजार नपा | |
| १५. जनजागरण गाउँ भू.अ.म., मिर्चैया नपा | ८०० केजी दाउरा (दुवै संगठनको) |
| १६. पीपल चौतारी गाउँ भू.अ.म., मिर्चैया नपा | १५ केजी चामल |
| १७. अंधेरी गाउँ भू.अ.म., मिर्चैया नपा | ४०० केजी दाउरा |
| १८. शुक्र गाउँ भू.अ.म., गोलबजार नपा | ५० केजी परवल |
| १९. दमार गाउँ भू.अ.म., गोलबजार नपा | १५ केजी चामल |
| २०. भाङ्गवारी गाउँ भू.अ.म., गोलबजार नपा | १५ केजी चामल |
| २१. श्रमशील गाउँ भू.अ.म., गोलबजार नपा | १५ केजी चामल |

| | |
|---|---|
| २२. सर्वहारा गाउँ भू.अ.म., गोलबजार नपा | ८०० पत |
| २३. सीता गाउँ भू.अ.म., गोलबजार नपा | १० केजी चामल |
| २४. सयपत्री गाउँ भू.अ.म., गोलबजार नपा | ७००।- |